बैठक मितिः २०८०/११/१५

बैठक सङ्ख्याः २७

छलफल तथा निर्णयः

१. सोह्रौं योजना (२०८०/८१-२०८५/८६) तर्जुमाको लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि, २०८० मा देहायको संशोधन गर्ने निर्णय गरियो।

**सोह्रौं योजना तर्जुमाको लागि संस्थागत व्यवस्था सम्बन्धी कार्यविधि, २०८०**

| विद्यमान व्यवस्था | संशोधन हुनुपर्ने व्यहोरा |
|---|---|
| दफा ३ उपदफा (३)- समितिको बैठक योजना तर्जुमा अवधि भर कम्तिमा दुई पटक बस्ने छ। | दफा ३ (३)- समितिको बैठक योजना तर्जुमा अवधि भर कम्तिमा एक पटक बस्ने छ। |
| दफा ३ उपदफा (६) को (घ)- आयोगबाट तयार गरिएको योजनाको मस्यौदा उपर छलफल गरी राय/सुझाव सहित राष्ट्रिय विकास परिषद्मा पेश गर्न सिफारिस गर्ने। | दफा ३ उपदफा (६) को (घ) को व्यवस्था हटाउने |
| **सोह्रौं योजना (२०८१/८२ — २०८५/८६) तयारीको समयतालिकाको बुँदा नम्बर १६ को व्यवस्था :** परिमार्जित मस्यौदा राष्ट्रिय विकास परिषद् मा पेश गर्न निर्देशक समितिबाट सिफारिस। | **समयतालिकाको बुँदा नम्बर १६ को व्यवस्था :** परिमार्जित मस्यौदा राष्ट्रिय योजना आयोगको बैठकबाट सिफारिस। |

२. गृह मन्त्रालयको प.सं. योजना-०८०/८१, च.नं. १२१ मिति २०८०/०६/२१ को पत्रबाट लेखी आएको विषयमा आयोगको मिति २०८०/१०/२३ को बैठकबाट स्रोत सुनिश्चितताका लागि अर्थ मन्त्रालय समक्ष सिफारिश गरिएकोमा अर्थ मन्त्रालयको पत्र संख्या ३१४-५-११-३, च.नं. २०८०/८१-५०६, मिति २०८०/११/०६ को पत्रबाट यस आ.व. मा विनियोजन भएको रकम समेत समावेश हुने गरी चालु आ.व. को बजेट तथा कार्यक्रममा रहेको गैर आवासीय भवन निर्माण गर्न रु. ५० करोड मात्रको स्रोत सहमति प्राप्त भएकोमा आयोगको बैठकमा छलफल हुँदा प्रचलित कानून, स्वीकृत नीति र तोकिएको मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।

३. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संसोधन) मापदण्ड, २०८० को दफा ३ (१) बमोजिम चालु आर्थिक वर्षमा ब.उ.सि.नं. ३७०००११६ अन्तर्गत कर्णाली प्रादेशिक सरुवारोग अस्पताल भवन निर्माण आयोजनाको लागि रू. ४९,९९,९९,४२४.९१ (अक्षरेपी उन्नपचास करोड उनान्सय लाख उनान्सय हजार चारसय चौबिस र पैसा एकानब्बे) मात्रको बहुवर्षिय ठेक्का तथा स्रोत सहमतिको लागि अनुरोध

भई आएकोमा आयोगको मिति २०८०/१०/२९को बैठकबाट स्रोत सुनिश्चितताको लागि अनुरोध गरी पठाइएको र अर्थ मन्त्रालयको प.सं. ३७०-०४-१४ च.नं. ९७३ मिति २०८०/११/११ को पत्रमा उल्लिखित शर्तहरुको पूर्ण पालना हुने गरी आयोजनाको बहुवर्षीय ठेक्का सहमति सम्बन्धी (पहिलो संसोधन) मापदण्ड, २०८० दफा ३ (३) बमोजिम शुरु विनियोजन समेत गरी रु. ५० करोड मात्रको स्रोत सहमति प्राप्त भएकोमा आयोगको बैठकमा छलफल हुँदा प्रचलित कानून, स्वीकृत नीति र तोकिएको मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।

४. शहरी विकास मन्त्रालयको चालु आ.ब. मा ब.उ.सि.नं. ३४७०११०५ अन्तर्गत भवन निर्माण संहिता सरकारी भवन निर्माण अन्तर्गत नवलपुर नमुना सदरमुकाम सरकारी भवन निर्माण गर्ने कार्य सम्बन्धमा रू. ८० करोड रकम अर्थ मन्त्रालय समक्ष स्रोत सुनिश्चितता एवं सहमतिको लागि सिफारिश गरिएकोमा अर्थ मन्त्रालयको प.सं. ३३७-२(क) च.नं. ५६१ मिति २०८०/०९/१२ को पत्रानुसार रु. ५० करोड रकम बराबर मा. मन्त्रीस्तर (अर्थ मन्त्रालय) को निर्णयानुसार स्रोतसुनिश्चितता एवं सहमति प्राप्त भएकोमा आयोगको बैठकमा छलफल हुँदा प्रचलित कानून, स्वीकृत नीति र तोकिएको मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।

५. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको चालु आ.ब. मा ब.उ.सि.नं. ३३७०१११८ अन्तरगत कालिगण्डकी कोरिडोर अन्तर्गत राम्दी-रानीमहल सडक खण्ड (१६.८ कि.मि.) को कालोपत्रे तथा निर्माण स्तरोन्नतिको लागि रू. १ अर्ब ६८ करोड २६ लाख ८७ हजार रकम अर्थ मन्त्रालय समक्ष स्रोत सहमतिको लागि सिफारिश गरिएकोमा अर्थ मन्त्रालयको प.सं. ०८०/८१ च.नं. ७२२ मिति २०८०/१०/०५ को पत्रानुसार रु. १ अर्व ४८ करोड रकम बराबर मा. मन्त्रीस्तर (अर्थ मन्त्रालय) मिति २०८०।१०।०४ को निर्णयानुसार स्रोत सहमति प्राप्त भएकोमा आयोगको बैठकमा छलफल हुँदा प्रचलित कानून, स्वीकृत नीति र तोकिएको मापदण्ड बमोजिम बहुवर्षीय ठेक्का सम्बन्धी कारवाही अघि बढाउन सहमति प्रदान गर्ने निर्णय गरियो।

६. नेपाल विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने सन्दर्भमा तयार भएको "Nepal: LDC Graduation-Smooth Transition Strategy (STS)" लाई आयोगको बैठकमा उठेका विषयहरू समेत समावेश गरी स्वीकृत गर्ने निर्णय गरियो।